दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः २०८२/०८३ मितिः २०८३/०२/२५

च.नं. १६३८

**विषय: आ.व. २०८२/०८३ को भुक्तानी/ निकासाको समयसिमा सम्वन्धमा ।**

श्री सरोकारवाला सबै ,

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम ७ बमोजिम विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको खर्च शिर्षकको हकमा बाहेक भुक्तानी दिनुपर्ने अन्य बजेट शिर्षकमा भुक्तानी निकासा दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगाडी भुक्तानी निकासा बन्द गरी लेखा अद्यावधिक गर्नुपर्ने कानुनी व्यवस्था भएको र स्थानीय तह संञ्चित कोष प्रणाली **(SuTRA System)** मा अत्याधिक चापका कारण सुत्र प्रणाली डाउन हुन सक्ने, संघ र प्रदेश तर्फको शशर्त प्रकृतीका योजनाहरुको खर्च हुन नसकेको रकम फिर्ता गर्नुपर्ने, समयमानै हिसाव मिलान गरी नियामक निकायमा प्रतिवेदन पेश गर्नुपर्ने भएको हुँदा यस गाउँपालिकाबाट भुक्तानी लिने **सम्पूर्ण व्यक्ती, संघसंस्था, निर्माण व्यवसायी, उपोभोक्ता समिति, सामुदायिक विद्यालय, सरोकारवाला अन्य निकाय तथा कार्यालयका शाखा तथा कर्मचारीहरु र मातहतका कार्यालयले** आ.व २०८२/०८३ मा भुक्तानीको लागि गरिने सम्पूर्ण कागजातहरुको कानुनी रित पुर्याई मिति २०८३ असार १५ गते भित्र यस कार्यालयको आर्थिक प्रशासन शाखामा फायल पेश गर्नुहुन अनुरोध छ । अन्यथा सो समयसिमा भन्दा पछि भुक्तानीका लागि पेश हुन आएका कागजात उपर कुनै कारवाहि गर्न नसकिने र त्यसरी भुक्तानी हुन नसके कार्यालय जिम्मेवार नभई सम्वन्धित पक्षनै जिम्मेवार हुनुपर्ने व्यहोरा समेत सम्वन्धित सबैमा जानकारी गराईन्छ ।

(ध्रुव राज न्यौपाने)
लेखा अधिकृत

(कर्ण बहादुर नेपाली)
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

<u>सादर अवगतार्थ :</u>

श्रीमान् अध्यक्षज्यू ।

श्रीमान् उपाध्यक्षज्यू ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, दाङ ।

<u>बोधार्थ</u>

श्री वडा कार्यालय (सबै), दंगीशरण गाउँपालिका, दाङ ।